नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

ई.पी.एस. शाखा कार्यालय

ग्वार्को, ललितपुर।

<u>२०७८ मंसिर २७ गते (१३ डिसेम्बर,२०२१) मा हवाई उडान हुने कामदारहरुको लागि जरुरी सूचना ।</u>

तपसिलमा उल्लेखित व्यक्तिहरूले तपिसल बमोजिमका कागजातहरू मिति २०७८ मंसिर २४ गते (१० Dec, २०२१)शुक्रबार सम्ममा यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ। संलग्न नामावली सूचिमा नाम भएका व्यक्तिहरुले उडान पुर्व गर्नु पर्ने आवश्यक तयारी गरी तोकिएको मिति र समयमा कोरिया प्रस्थान गर्नु पर्नेछ। तोकिएको मिति र समयमा तयारी नगर्ने कामदारहरूको निर्धारित उडान तालिका प्रभावित हुन सक्ने व्यहोरा जानकारी गराईन्छ ।

<u>यस कार्यालयमा पेश गर्नुपर्ने कागजातहरू :</u>

१. रोजगार अनुमती प्रणाली व्यवस्थापन शुल्क वापत माछापुच्छ्रे बैंकमा इ.पि.एस. कार्यालयको खाता न २३०१५२४३७४०१५०१७ मा ४६.२० डलरको नेपाली रूपैयाँ जम्मा गरेको बैंक भौचर ।

२. एभरेष्ट बैक, ग्वार्कोमा वैदेशिक रोजगार कल्याणकारी कोषको खाता न ००१०११०२२००००६ मा नेरु २५०० जम्मा गरेको बैंक भौचर ।

३. वैदेशिक रोजगार विभागमा सूचिकृत रिलायबल लाइफ इन्स्योरेन्स कंम्पनी, नेपाल लाइफ इन्स्योरेन्स कंम्पनी, सूर्य लाइफ इन्स्योरेन्स कंम्पनी, नेशनल लाइफ इन्स्योरेन्स कंम्पनी, एल.आई.सी लाइफ इन्स्योरेन्स कंम्पनी, प्राइम लाइफ इन्स्योरेन्स कंम्पनी, गुराँस लाइफ इन्स्योरेन्स कंम्पनी, एशियन लाइफ इन्स्योरेन्स कंम्पनी मध्ये **कुनै एकबाट** ६ बर्षे बैदेशिक रोजगार म्यादी जीवन बिमा गरेको बिमालेखको प्रतिलिपि ।

४. यस शाखामा सूचिकृत एन.एल.जी ईन्स्योरेन्स कं ली., अजोड ईन्स्योरेन्स कं. ली., प्रभु ईन्स्योरेन्स कं. ली. र प्रिमियर ईन्स्योरेन्स कं. ली.मध्ये **कुनै एकबाट** कोभिड जोखिम विमा गरेको विमालेखको प्रतिलिपि ।

५. नयाँ कामदारको हकमा व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, भैसेपाटी ललितपुरबाट लिएको पुर्व अभिमुखिकरण तालिम (Pre-Departure Training ) को प्रमाणपत्रको प्रतिलिपि ।

६. कोभिड-१९ खोप कार्ड वा QR CODE प्रमाण पत्र (पेश नगरेकाको हकमा मात्र) सो को प्रतिलिपि

७. गणतन्त्र कोरिया पुगेपछि १० दिन आफनै खर्चमा क्वारेन्टाईन बस्नु पर्ने भएकोले क्वारेन्टाईन खर्च वापत तोकिएको रकम ( प्रति दिन एक लाख बीस हजार कोरियन वन) ले हुन आउने रकम बराबरको Debit Card नेपाल राष्ट बैकले तोकेको "क" बर्गका बाणिज्य बैंकहरुबाट अनिवार्य रुपमा लिनु पर्नेछ।

साथै क्वारेन्टाईनमा चेक इन गर्ने बेलामा नै कार्डबाट भुक्तानी गर्नु पर्ने भएकोले कार्ड राम्ररी सञ्चालन भए नभएको यकिन गरेर जानु पर्नेछ ।

८. कोरिया प्रस्थान गर्नु भन्दा ७२ घण्टा पूर्वको अनिवार्य PCR नेगेटिभ रिपोर्ट हुनु पर्नेछ। साथै कोरिया प्रस्थान गर्नु भन्दा ७२ घण्टा पूर्वको PCR रिपोर्ट नेगेटिभ भए पश्चात अनिवार्य क्वारेन्टाईन (एक व्यक्ति-एक कोठा) बस्नु पर्नेछ र सो को जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

९. कोरियामा क्वारेन्टिन बस्नु पर्ने सहमती फारम, साथै एक मात्रा मात्र खोप लिएका र कोरियामा सो खोपको उपलब्धताको आधारमा दोश्रो मात्रा खोप लिन चाहने व्यक्तिले खोप आवेदन फारम भर्नु पर्नेछ । आवेदन फारमको नमूना यस शाखाबाट उपलब्द्ध हुनेछ ।

२०७८।०८।२९

इपीएस कोरिया शाखा